वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ३९ २०८३ जेठ १४ गते विहीबार, नेपाल सम्वत् ११४६ May 28, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-









**मनोरञ्जन र सूचनाको सारथी रेडियो :** तनहुँको बन्दीपुर गाउँपालिका-३ रामकोटका ८६ वर्षीय रेशम बहादुर गरान्जा रेडियोमा गीत सुन्दै। पछिल्लो समय मोबाइल र इन्टरनेटको प्रयोगले रेडियोका स्रोता घट्दै गएको भएपनि ग्रामीण क्षेत्रका बासिन्दा सूचना, समाचार तथा मनोरञ्जनका लागि रेडियोको प्रयोग गर्दै आएका छन् । *तस्विर : वसन्त पौडेल/भञ्ज्याङ*

## चैते धानबालीमा मरूवा रोगको समस्या, नियन्त्रण विधिबारे कृषकलाई जानकारी

भञ्ज्याङ समाचारदाता/दमौली

कृषि विकास कार्यालय तनहुँले जिल्लाका विभिन्न पालिकामा देखिएका धान तथा तरकारी बालीसम्बन्धी समस्या पहिचान गर्न संयुक्त प्राविधिक अनुगमन कार्यक्रम सञ्चालन गरेको छ । म्याग्दे, बन्दीपुर र आँबुखैरेनी गाउँपालिकाका विभिन्न कृषि क्षेत्रमा गरिएको अनुगमनमा प्रदेश तथा जिल्लास्तरका कृषिसम्बन्धी निकायका विज्ञ प्राविधिकहरूको सहभागिता रहेको थियो ।

कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय पोखरा, प्रदेश कृषि प्रयोगशाला पोखरा, कृषि अनुसन्धान केन्द्र पोखरा तथा कृषि विकास कार्यालय तनहुँका प्राविधिक कर्मचारी सम्मिलित संयुक्त टोलीले खेतबारीमै पुगेर कृषकहरूले भोगिरहेका समस्या स्थलगत रूपमा अवलोकन गरेको कृषि विकास कार्यालयले जनाएको छ ।

अनुगमनका क्रममा बालीमा देखिएका रोग तथा किराको पहिचान गर्नुका साथै त्यसको नियन्त्रण, व्यवस्थापन र उत्पादन वृद्धिसम्बन्धी प्राविधिक सुझावसमेत कृषकलाई प्रदान गरिएको कार्यालयका सूचना अधिकारी किरण परियारले जानकारी दिए।

उनका अनुसार म्याग्दे गाउँपालिका-२ मा चैते धानबालीमा मरूवा रोग देखिएको पाइएको छ। उक्त रोगका कारण धानको वृद्धि प्रभावित हुनुका साथै बोट क्रमशः सुक्दै जाने समस्या देखिएको छ । प्राविधिक टोलीले रोग नियन्त्रणका लागि खेतमा पानी व्यवस्थापन, रोगग्रस्त बोट हटाउने, सन्तुलित मल प्रयोग गर्ने तथा आवश्यकतानुसार सिफारिस गरिएको विषादी प्रयोग गर्न कृषकलाई सुझाव दिएको थियो ।



त्यसैगरी म्याग्दे गाउँपालिका-३ मा धानबालीमा खैरो फड्के किराको प्रकोप देखिएको छ । उक्त किराले धानको बोटमा क्षति पुर्‍याई उत्पादनमा प्रत्यक्ष असर पार्ने भएकाले समयमै नियन्त्रणका उपाय अपनाउन किसानलाई आग्रह गरिएको सूचना अधिकारी परियारले बताए ।

आँबुखैरेनी गाउँपालिका-१ मा भने विभिन्न लहरे तरकारी बालीमा डाउनी मिल्ड्यू रोग देखिएको अनुगमन टोलीले जनाएको छ । विशेषगरी लौका, करेला र काँक्रालगायत बालीमा देखिएको उक्त रोगका कारण पात पहेँलो हुने, बोट कमजोर बन्ने तथा उत्पादन घट्ने समस्या देखिएको किसानहरूले बताएका छन् । प्राविधिकहरूले रोग नियन्त्रणका लागि खेतको सरसफाइ, उचित दूरीमा बाली लगाउने, हावापास हुने वातावरण मिलाउने तथा सिफारिसअनुसार विषादी प्रयोग गर्न सुझाव दिएका छन् ।

अनुगमनका क्रममा किसानहरूले यस वर्ष पर्याप्त वर्षा तथा प्रतिकूल मौसमका कारण गत वर्षको तुलनामा उत्पादन घटेको गुनासो गरेका थिए । लगातारको वर्षा, असिना तथा हावाहुरीका कारण धान, तरकारी र मकैबाली प्रभावित भएको उनीहरूको भनाइ थियो ।

किसानहरूले विषादी प्रयोगसम्बन्धी अन्योल, समयमा पर्याप्त रासायनिक मल उपलब्ध नहुने समस्या तथा वर्णशंकर (हाइब्रिड) जातको कानुनी

बाँकी तेश्रो पेजमा

## अस्पताल कर्मचारीका लागि तनाव व्यवस्थापन कार्यक्रम

भञ्ज्याङ समाचारदाता/दमौली

प्रदेश आयुर्वेद चिकित्सालय दमौली, तनहुँद्वारा प्रदेश अस्पताल तनहुँको समन्वयमा अस्पतालका कर्मचारीहरूका लागि "तनाव व्यवस्थापन कार्यक्रम" सम्पन्न गरिएको छ। चिकित्सालयको योगहलमा आयोजना गरिएको कार्यक्रममा प्रदेश अस्पताल तनहुँका व्यवस्थापन समितिका अध्यक्ष एवं वरिष्ठ अधिवक्ता कमला मोहन वाग्ले यस प्रकारका कार्यक्रमको महत्व र आवश्यकताका विषयमा चर्चा गरेका थिए । स्वास्थ्य मन्त्रालयका चिकित्सा महाशाखा प्रमुख डा. के.सी.ले तनाव व्यवस्थापन सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुका साथै सहभागीहरूलाई योग तथा ध्यान अभ्याससमेत गराएका थिए ।

प्रदेश आयुर्वेद चिकित्सालय तनहुँका प्रमुख डा. नारायण श्रेष्ठले वर्तमान समयमा तनाव व्यवस्थापन अत्यन्त आवश्यक विषय भएको उल्लेख गर्दै स्वास्थ्यकर्मीहरू मानसिक रूपमा स्वस्थ रहनु गुणस्तरीय सेवा प्रवाहका लागि महत्वपूर्ण रहेको बताए ।



अध्यक्ष वाग्लेले स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरूले बिरामीको सेवासँगै आफ्नै मानसिक स्वास्थ्यप्रति पनि सचेत हुनुपर्ने आवश्यकता औल्याएका थिए ।

उक्त कार्यक्रममा गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयका चिकित्सा महाशाखा प्रमुख डा. रमेश कुमार के.सी., प्रदेश अस्पताल तनहुँका मेडिकल सुपरिटेन्डेन्ट डा. परिवर्तन बराल तथा प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँका कार्यालय प्रमुख जनस्वास्थ्य प्रशासक अमर दवाडीले भागदौड र तनावपूर्ण जीवनशैलीलाई व्यवस्थापन गर्न योगको भूमिका महत्वपूर्ण हुने चर्चा गरेका थिए ।

यस्तै, गण्डकी प्रदेश सरकार कार्यक्रमको सञ्चालन प्रदेश आयुर्वेद चिकित्सालयका वरिष्ठ कविराज निरीक्षक शम्भु चापागाईंले गरेका थिए भने प्रदेश अस्पताल तनहुँका अस्पताल व्यवस्थापक शिशिर पोखरेलले सहभागिलाई स्वागत गरेका थिए ।

कार्यक्रममा अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको उल्लेख्य सहभागिता रहेको थियो । सहभागीहरूले मानसिक स्वास्थ्य, तनाव नियन्त्रण तथा योग अभ्यासको महत्वबारे जानकारी प्राप्त गरेका थिए । आयोजकका अनुसार यस्ता कार्यक्रमहरूले कर्मचारीहरूको मानसिक तथा शारीरिक स्वास्थ्य सुधार गर्न सहयोग पुग्ने विश्वास लिइएको छ ।

## आर्थिक सर्वेक्षण २०८२/८३ : जलवायु परिवर्तनका चुनौती बढ्दै

भञ्ज्याङ समाचारदाता/काठमाडौं

आर्थिक सर्वेक्षण २०८२/८३ ले जलवायु परिवर्तनका चुनौती बढ्दै गएको देखाएको छ । विश्वव्यापी रूपमा बढ्दो तापक्रम र हरितगृह ग्यास उत्सर्जनका कारण जलवायु परिवर्तनको असर तीव्र बन्दै गइरहेको अवस्थामा नेपालले पनि उत्सर्जन न्यूनीकरण र अनुकूलनका लागि आफ्ना प्रतिबद्धता तथा कार्यक्रमलाई अघि बढाएको छ ।

आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार नेपालले जलवायु परिवर्तनसम्बन्धी अन्तरराष्ट्रिय संरचना तथा सम्झौतामा सक्रिय सहभागिता जनाउँदै आएको छ । नेपाल जैविक विविधता महासन्धि, संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन संरचना महासन्धि, क्योटो प्रोटोकल र पेरिस सम्झौताको पक्ष राष्ट्र हो । राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, वातावरण संरक्षण ऐन, २०७६ तथा स्थानीय तहको अनुकूलन कार्ययोजना लगायतका नीति तथा संस्थागत व्यवस्था कार्यान्वयनमा रहेका छन्।

विश्व मौसम विज्ञान सङ्गठन (डब्लुएमओ) को प्रतिवेदन २०२३/२०२४ अनुसार पृथ्वीको औसत तापक्रम पूर्वऔद्योगिक काल (१८५०-१९००) को तुलनामा १.४५ डिग्री सेल्सियसले वृद्धि भएको छ। आगामी वर्षहरूमा यो वृद्धि १.५ डिग्री सेल्सियसभन्दा माथि पुग्न सक्ने चेतावनी दिइएको छ। बढ्दो तापक्रमले वातावरणीय, आर्थिक तथा सामाजिक क्षेत्रमा प्रत्यक्ष असर पार्नुका साथै मानव समुदाय र पारिस्थितिकीय प्रणालीबीचको सन्तुलनमा चुनौती थपिएको प्रतिवेदनमा उल्लेख छ।

जर्मनवाचले सन् २०२५ मा सार्वजनिक गरेको दीर्घकालीन जलवायु जोखिम सूचकाङ्क(१९९३-

बाँकी तेश्रो पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# मनसुन विपद् र पूर्वतायरी

नेपालका लागि मनसुन कुनै नयाँ घटना होइन । प्रत्येक वर्ष बर्खासँगै आउने बाढी, पहिरो र डुबानले जनधनको ठूलो क्षति गरिरहेको छ । घरवारविहीन हुने परिवार, बगेर जाने बस्ती, क्षतिग्रस्त सडक र पूर्वाधार- यी सबै अब नेपाली समाजका लागि नियमित जस्तै दृश्य बनेका छन् । तर प्रश्न उठ्छ- हामीले हरेक वर्ष दोहोरिने यो विपद्बाट के सिकेका छौं ? वास्तवमा प्राकृतिक विपत्तिलाई पूर्ण रूपमा रोक्न सकिँदैन, तर त्यसको क्षति भने उल्लेखनीय रूपमा घटाउन सकिन्छ। यही उद्देश्यका लागि राज्यका तीनै तह- संघ, प्रदेश र स्थानीय तहले विपद् व्यवस्थापन रणनीति, योजना र कार्यक्रम बनाउँदै आएका छन् । कागजमा हेर्दा यी संरचना पर्याप्त देखिन्छन्, तर कार्यान्वयनको पाटो कमजोर हुँदा ती योजना व्यवहारमा प्रभावकारी बन्न सकेका छैनन् । स्थानीय तहलाई "जनताको घरदैलोको सरकार" भनिए पनि विपद् व्यवस्थापनमा यसको भूमिका अझै अपेक्षित रूपमा सुदृढ हुन सकेको छैन । बजेट विनियोजन, तालिम, सामग्री व्यवस्थापन तथा पूर्वतयारीका कार्यक्रमहरु भए पनि विपद्को समयमा ती संयन्त्रहरु प्रभावकारी रूपमा परिचालन भएको उदाहरण कमै पाइन्छ । यही कारण विपद् आउँदा समन्वय अभाव, ढिलाइ र असहजता देखिने गरेको छ, जसको सीधा असर जनजीवनमा पर्छ ।

विपद् व्यवस्थापनमा नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी तथा रेडक्रस जस्ता संस्थाहरूको भूमिका उल्लेखनीय छ । उनीहरु आपतकालीन अवस्थामा तत्पर रहने क्षमता राख्छन् । तर, यिनै निकायहरूबीचको समन्वय, सूचना प्रवाह र स्थानीय तहसँगको एकीकृत कार्य प्रणाली अझ मजबुत बनाउन आवश्यक देखिन्छ । विपद् केवल उद्धारको विषय मात्र होइन, पूर्वतयारी र जोखिम न्यूनीकरणको दीर्घकालीन अभ्यास पनि हो । आजको प्रमुख चुनौती केवल प्राकृतिक विपत्ति होइन, मानवीय कारणले निम्त्याइने जोखिम पनि हो । अव्यवस्थित विकास, वातावरणीय प्रभाव मूल्याङ्कन विना गरिने निर्माण कार्य, र "डोजरे विकास"को नाममा पहाड र जमिनको अन्धाधुन्ध दोहनले पहिरो र बाढीको जोखिम झनै बढाएको छ । सडक विस्तार वा पूर्वाधार निर्माण विकासका आधार भए पनि त्यसले वातावरणीय सन्तुलन बिगार्ने हो भने दीर्घकालीन विनाश निम्त्याउन सक्छ । त्यसैगरी बस्ती विकास र जमिनको वर्गीकरण नहुँदा जोखिमयुक्त क्षेत्रमा मानव बसोबास बढ्दो छ । नदी किनार, भिरालो जमिन र पहिरो सम्भावित क्षेत्रमा बसोबास विस्तार हुँदा हरेक वर्ष विपद्ले ठूलो मानवीय क्षति गरिरहेको छ । यसलाई नियन्त्रण गर्न राज्यले वैज्ञानिक भूमि उपयोग नीति कार्यान्वयन गर्नु अनिवार्य छ ।

यस्तै, आर्थिक सर्वेक्षण २०८२/८३ ले पनि जलवायु परिवर्तनको असर नेपालमा तीव्र रूपमा बढिरहेको संकेत गरेको छ । बढ्दो तापक्रम, असामान्य वर्षा, हिमाली क्षेत्रमा हिउँ पग्लने दरमा वृद्धि र मौसमजन्य अनियमितताले नेपालको कृषि, जलस्रोत, पर्यटन र समग्र अर्थतन्त्रमा प्रत्यक्ष असर पारिरहेको छ । नेपाल जलवायु जोखिमका दृष्टिले उच्च जोखिमयुक्त देशमध्ये पर्ने तथ्यले थप सचेत गराउँछ । नेपालले अन्तर्राष्ट्रिय रूपमा जलवायु परिवर्तन न्यूनीकरणका लागि विभिन्न सम्झौतामा हस्ताक्षर गरेको छ । साथै नवीकरणीय ऊर्जा, कार्बन व्यापार र वन संरक्षणमार्फत केही उपलब्धि हासिल भए पनि यसको प्रभाव अझै पर्याप्त छैन । ऊर्जा, उद्योग, यातायात र भू-उपयोग परिवर्तनका कारण हरितगृह ग्यास उत्सर्जन बढ्दो क्रममा रहेको तथ्य चिन्ताजनक छ । यसले भविष्यमा अझ गम्भीर वातावरणीय संकट निम्त्याउने संकेत गर्छ । तर समस्या केवल नीतिमा होइन, कार्यान्वयनमा पनि छ । नीति, योजना र प्रतिवेदनहरु प्रशस्त छन्, तर ती कागजमै सीमित हुने प्रवृत्ति हटाउन नसक्दा परिणाम कमजोर देखिन्छ । विपद् व्यवस्थापनलाई योजनागत होइन, अभ्यासगत र नियमित प्रणालीका रूपमा विकास गर्न आवश्यक छ ।

अब विपद् व्यवस्थापनलाई केवल राहत वितरणको संयन्त्रका रूपमा होइन, जोखिम न्यूनीकरण, पूर्वतयारी र जनचेतनाको व्यापक अभियानका रूपमा लिनुपर्छ। टोल-टोलमा सचेतना कार्यक्रम, विद्यालयस्तरमा विपद् शिक्षा, र समुदाय स्तरमा अभ्यास कार्यक्रमलाई अनिवार्य बनाउनुपर्छ । स्थानीय तहले आफ्ना विपद् व्यवस्थापन कोष र स्रोतलाई केवल खर्चको रूपमा होइन, परिणाममुखी लगानीका रूपमा प्रयोग गर्नुपर्छ । विपद् आउँदा मात्र होइन, आउनुअघि नै तयारी गर्नु नै वास्तविक सुरक्षा हो । घरपरिवार, समुदाय र राज्य सबै तहमा जिम्मेवारी बाँडफाँट स्पष्ट हुनुपर्छ । नागरिक स्वयं पनि सचेत र जिम्मेवार बन्नु उत्तिकै आवश्यक छ । अन्ततः मनसुनसँगै आउने विपद् प्रकृतिको चुनौती मात्र होइन, हाम्रो विकासको शैली, नीति कार्यान्वयन र सामाजिक जिम्मेवारीको परीक्षण पनि हो । यदि हामीले अहिले पनि गम्भीरता नदेखाउने हो भने हरेक वर्ष क्षति दोहोरिने निश्चित छ । त्यसैले अब समय छ- कागज होइन, व्यवहारमा योजना; घोषणापत्र होइन, कार्यान्वयन; र प्रतिक्रियात्मक होइन, पूर्वसक्रिय विपद् व्यवस्थापनतर्फ अघि बढ्ने ।

# परिवार, भविष्य र समाज निर्माणका मौन अभियन्ता

नेपाली समाजमा सफलताको चर्चा हुँदा प्रायः पद, प्रतिष्ठा, तलब र बाहिरी उपलब्धिका उदाहरणहरु अगाडि आउँछन्। कोही सरकारी सेवामा उच्च पदमा पुगेको हुन्छ, कोही निजी क्षेत्रमा उत्कृष्ट प्रदर्शन गरिरहेको हुन्छ, कोही व्यवसायमा सफल बनेको हुन्छ। यस्ता उपलब्धिहरु निश्चय नै प्रशंसनीय छन् । तर यिनै सफलताका पछाडि मौन रूपमा उभिएका केही पात्रहरु छन् जसको योगदानको चर्चा अपेक्षाकृत कम हुने गर्छ। ती हुन्-आफ्नो परिवार, सन्तान र घरको जिम्मेवारीलाई केन्द्रमा राखेर जीवन बिताइरहेका लाखौं महिलाहरू।

नेपालका गाउँदेखि शहरसम्म यस्ता असंख्य महिलाहरु भेटिन्छन् जो शिक्षित छन्, सक्षम छन्, अवसर पाए बाहिरी क्षेत्रमा पनि उत्कृष्ट काम गर्न सक्ने क्षमता राख्छन् तर पारिवारिक अवस्था, बालबच्चाको जिम्मेवारी, वृद्ध अभिभावकको हेरचाह, जीवनका प्राथमिकता वा आफ्नै निर्णयका कारण उनीहरूले आफ्नो अधिकांश समय घरपरिवारलाई दिएका छन्। उनीहरूको दिन बिहानको पहिलो उज्यालोसँगै सुरु हुन्छ र रातको अन्तिम निद्रासम्म जिम्मेवारीले भरिएको हुन्छ।

उनीहरूको कामको कुनै निश्चित कार्यालय हुँदैन तर पूरा घर नै उनीहरूको कार्यक्षेत्र हुन्छ। कुनै निश्चित समय हुँदैन तर चौबीसै घण्टा जिम्मेवारी रहिरहन्छ। कुनै पद हुँदैन तर उनीहरु परिवारका वास्तविक व्यवस्थापक हुन्छन् । कुनै औपचारिक तलब हुँदैन तर उनीहरूको श्रमले परिवारको अमूल्य सम्पत्ति विश्वास, संस्कार, अनुशासन र खुसी निर्माण गरिरहेको हुन्छ। समाजमा अझै पनि कतिपयले प्रश्न गर्ने गर्छन् यति पढेर पनि घरमै बस्ने ? केही जागिर गरे हुन्थ्यो नि! आफ्नो करियर बनाउनुपर्थ्यो। यस्ता प्रश्नहरु गलत नियतले गरिएका नहुन सक्छन् तर यसले एउटा महत्वपूर्ण पक्षलाई बेवास्ता गरिरहेको हुन्छ। त्यो हो, घरभित्रको जिम्मेवारी पनि उत्तिकै महत्वपूर्ण काम हो भन्ने यथार्थ।

एउटा बच्चाको पहिलो विद्यालय घर हो र पहिलो शिक्षक आमाबुबा हुन् । बच्चाको व्यवहार, संस्कार, आत्मविश्वास, अनुशासन र जीवनप्रतिको दृष्टिकोण निर्माणमा परिवारको भूमिका निर्णायक हुन्छ। जब कुनै महिला आफ्नो समय र ऊर्जा सन्तानको हेरचाह, शिक्षादिक्षा र व्यक्तित्व विकासमा लगानी गरिरहेकी हुन्छिन् उनले केवल आफ्नो परिवारलाई मात्र होइन, भविष्यको समाजलाई पनि आकार दिइरहेकी हुन्छिन्। यस्ता महिलाहरूको जीवन सधैं सजिलो हुँदैन। कहिलेकाहीँ उनीहरूलाई पनि लाग्छ सायद आफूले केही छुटाइरहेकी छु। साथीहरु आफ्नो क्षेत्रमा प्रगति गरिरहेका हुन्छन्, नयाँ अवसरहरु प्राप्त गरिरहेका हुन्छन्। त्यस्तो बेला मनमा अनेक प्रश्न उठ्नु स्वाभाविक हो। तर समयसँगै धेरै महिलाहरूले एउटा गहिरो सत्य बुझ्ने गर्छन् । जीवनको मूल्य केवल बाहिरी उपलब्धिले मात्र निर्धारण हुँदैन। आफूले माया गरेका मानिसहरूको प्रगति, परिवारको स्थिरता र सन्तानको उज्वल भविष्यमा पनि ठूलो उपलब्धि लुकेको हुन्छ ।

एउटा सफल परिवार केवल महिलाको त्यागले मात्र बन्दैन न त पुरुषको कमाइले मात्र। परिवार भनेको सहकार्य, सम्मान र समझदारीको साझा यात्रा हो। घरभित्रको जिम्मेवारी सम्हाल्ने महिलाको भूमिका जति महत्वपूर्ण छ, त्यति नै महत्वपूर्ण त्यो भूमिकाको सम्मान गर्ने पुरुषको सोच पनि हो। आज धेरै पुरुषहरु आफ्नो पेशागत जिम्मेवारी निर्वाह गर्दै समाज र राष्ट्रको सेवामा जुटिरहेका छन्। उनीहरूको सफलताका पछाडि घरलाई व्यवस्थित राख्ने, बालबच्चाको सम्पूर्ण जिम्मेवारी सम्हाल्ने र मानसिक रूपमा परिवारलाई बलियो बनाइराख्ने जीवनसाथीको योगदान जोडिएको हुन्छ। त्यसैगरी, घरभित्र समर्पित महिलाहरूको आत्मविश्वास र सन्तुष्टिको आधार बन्ने, उनीहरूको योगदानलाई सम्मान गर्ने र निर्णयलाई कदर गर्ने पुरूषहरूको भूमिका पनि उत्तिकै महत्वपूर्ण हुन्छ। वास्तविक समानता भनेको सबैले एउटै काम गर्नु होइन । वास्तविक समानता भनेको एकअर्काको भूमिकाको सम्मान गर्नु हो। कोही कार्यालयमा बसेर जिम्मेवारी निभाइरहेको हुन्छ, कोही घरभित्र बसेर। कोही बाहिरी संसारको चुनौती सामना गरिरहेको हुन्छ, कोही परिवारको दैनिक जीवनलाई सहज बनाइरहेको हुन्छ । दुवै भूमिका उत्तिकै आवश्यक छन्, दुवै सम्मानका पात्र छन्। नेपालको सामाजिक संरचनामा परिवार अझै पनि सबैभन्दा बलियो संस्था हो। यही परिवारलाई बलियो बनाइराख्न अनगिन्ती महिलाहरूले आफ्नो समय, भावना र ऊर्जा समर्पित गरिरहेका छन्। उनीहरु समाचारका मुख्य शीर्षक नबन्न सक्छन्, पुरस्कारको मञ्चमा कम देखिन सक्छन् तर उनीहरूको योगदान बिना धेरै परिवारहरूको सफलता अधुरो रहन्छ।




त्यसैले घरभित्रको जिम्मेवारीलाई कहिल्यै सामान्य काम ठान्नु हुँदैन। एउटा घर व्यवस्थित हुनु, बच्चाहरु सही संस्कारमा हुर्कनु, परिवारमा आत्मीयता कायम रहनु र सदस्यहरु आफ्नो-आफ्नो क्षेत्रमा निश्चिन्त भएर अघि बढ्न सक्नुका पछाडि कसैको निरन्तर समर्पण, धैर्यता र प्रेम लुकेको हुन्छ। आज आवश्यक कुरा तुलना होइन, सम्मान हो। कसैले जागिर गरेर योगदान दिइरहेको छ भने त्यो प्रशंसनीय छ। कसैले परिवारलाई प्राथमिकता दिएर घर सम्हालिरहेको छ भने त्यो पनि उत्तिकै प्रशंसनीय छ । जीवनका बाटाहरु फरक हुन सक्छन्, तर जिम्मेवारीप्रतिको निष्ठा र समर्पण नै सबैभन्दा ठूलो मूल्य हो। हामीले समाजको विकासको कुरा गर्दा सडक, भवन, कार्यालय र संस्थाको चर्चा गर्छौं तर एउटा सभ्य समाजको आधार भनेको असल परिवार हो र असल परिवार निर्माणमा मौन रूपमा समर्पित महिलाहरु तथा उनीहरूको योगदानलाई सम्मान गर्ने पुरुषहरूको भूमिका अमूल्य हुन्छ।

नेपालमा २०२२/२०२३ (Nepal Living Standards Survey IV) र पछिल्ला Central Bureau Statistics तथ्यांक अनुसार महिलाको रोजगारी प्रदेशअनुसार फरक भए पनि समग्रमा देशभर उनीहरूको Labor Force Participation करिब ३७ प्रतिशतदेखि ५४ प्रतिशतको बीचमा देखिन्छ जसमा सबैभन्दा उच्च बागमती प्रदेशमा (झण्डै ५५ प्रतिशत) र सबैभन्दा कम कर्णाली तथा सुदूरपश्चिममा देखिन्छ। तर यी तथ्यांकले सरकारी वा निजी जागिर मात्र होइन, कृषि र अनौपचारिक कामलाई पनि समेट्छ जसले गर्दा नेपालमा महिलाको ठूलो हिस्सा अझै पनि घरधन्दा, पारिवारिक कृषि र अनपेड काममा केन्द्रित रहेको स्पष्ट हुन्छ। सरकारी जागिरको अवसर मुख्यतः बागमतीमा केन्द्रित छ भने अन्य प्रदेशहरूमा निजी तथा अनौपचारिक क्षेत्रमा महिलाको सहभागिता बढी देखिन्छ तर Formal Salaried Employment अझै सीमित छ। यसरी समग्र चित्र हेर्दा नेपालमा महिलाको आर्थिक सहभागिता बढ्दै गए पनि उनीहरूको ठूलो श्रम अझै पनि औपचारिक रोजगार प्रणालीभित्र पूर्ण रूपमा गणना हुन नसकेको अवस्था कायम छ।

अन्ततः घरभित्रको श्रम अदृश्य हुन सक्छ तर यसको प्रभाव अत्यन्त गहिरो हुन्छ। परिवारप्रति समर्पित महिलाहरु नै भविष्यका पुस्ताको आधार निर्माण गरिरहेका छन्। उनीहरूको मेहनतको मूल्य तलबको अंकले नाप्न सकिँदैन किनकि त्यसमा एउटा परिवारको खुसी, सन्तानको भविष्य र समाजको परिवर्तन जोडिएको हुन्छ। त्यसैले आजको यो मेरो सम्मान परिवारलाई प्रेम, जिम्मेवारी, त्याग र समझदारीका साथ अगाडि बढाइरहेका सबै महिला तथा पुरुषहरूप्रति जोडिएको छ । किनकि बलियो परिवारबाटै बलियो समाज र बलियो राष्ट्र निर्माण हुन्छ।

## तपाईंको आज

**मेष**
हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ। बलजफ्ती गर्दा काम बिग्रन सक्छ।

**वृष**
स्थायी सम्पत्तिमा पनि विवाद आउन सक्छ। अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला।

**मिथुन**
दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिलो हुनेछ। ध्ययनमा प्रगति हुनेछ।

**कर्कट**
लगानी गर्दा व्यवसायमा मनग्गे धनलाभ हुनेछ। मिहिनेतले दिगो फाइदा दिलाउन सक्छ। सामाजिक काममा रूचि बढ्नेछ।

**सिंह**
पहिलेका प्रतिस्पर्धीहरु सहयोगीका रूपमा देखा पर्नेछन्। आफन्तजनको विश्वास पनि गुम्न सक्छ।

**कन्य**
मनग्य धनलाभ हुनाले पारिवारिक आवश्यकता पूर्ति हुनेछ। रोकिएको काम सम्पादन हुनेछ।

**तुला**
नयाँ जिम्मेवारी प्राप्त हुनुका साथै काममा ठूलै फड्को मार्न सकिनेछ। श्रमको उचित मूल्यांकन हुनेछ।

**वृश्चिक**
साझेदारी र सट्टापट्टामा विशेष लाभ मिल्न सक्छ। सञ्चित धन उपयोग गर्दा पनि फाइदा हुनेछ।

**धनु**
काममा राम्रो सुरूवात हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ। खर्चको जोहो गर्न कर्जा लिनुपर्ला।

**मकर**
रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ।

**कुम्भ**
समयमा होस नपुग्नाले खर्च बढ्नेछ। ठूलो प्रयत्नले सामान्य उपलब्धि दिलाउनेछ। सामाजिक दायित्व बढ्नेछ।

**मीन**
खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला। शुभचिन्तकहरूलाई बेवास्ता गर्दा दुःख पाइएला।



**तालबाराही मन्दिरमा पर्यटक :** पोखरास्थित फेवातालको मध्यभागमा अवस्थित प्रसिद्ध तालबाराही मन्दिर दर्शन गर्नका लागि पर्यटकहरु डुङ्गा चढेर जाँदै । *तस्बिर : प्रदीपराज वन्त/रासस*

# पूर्वाधार विस्तारमा प्रगति, सडक सञ्जाल ३६ हजार ८00 किलोमिटर नाघ्यो

**रासस**/काठमाडौं

मुलुकको आर्थिक तथा सामाजिक विकासको आधार मानिने भौतिक पूर्वाधार, यातायात तथा सञ्चार क्षेत्रमा पछिल्ला वर्षमा लगानी विस्तारसँगै सडक सञ्जाल, रणनीतिक मार्ग तथा डिजिटल पहुँचमा उल्लेख्य प्रगति भएको देखिएको छ । आर्थिक सर्वेक्षण २०८२/८३ ले सडक निर्माण, राष्ट्रिय गौरवका आयोजना तथा सञ्चार पूर्वाधार विस्तारमा प्रगति भएको देखाएको छ। सर्वेक्षणअनुसार संघीय सरकारबाट निर्मित कालोपत्रे सडकको घनत्व १३८.७ मिटरप्रति वर्ग किलोमिटर पुगेको छ। साथै डिजिटल टेलिभिजनको पहुँच ८२ प्रतिशत घरधुरीसम्म पुगेको छ भने मोबाइल टेलिफोन ग्राहकको घनत्व जनसंख्याको १०३.२ प्रतिशत पुगेको छ ।

विसं २०८२ फागुनसम्म रणनीतिक तथा स्थानीय सडक सञ्जाल गरी कूल ३६ हजार ८०६ किलोमिटर सडक निर्माण भएको छ। यसमध्ये २० हजार ४५६ किलोमिटर कालोपत्रे, सात हजार ६०२ किलोमिटर ग्राभेल र आठ हजार ७४८ किलोमिटर कच्ची सडक रहेका छन् । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कूल सडक लम्बाइ ३६ हजार २२६ किलोमिटर रहेको थियो ।

आर्थिक वर्ष २०८१/८२ मा ३०१ किलोमिटर नयाँ कच्ची सडक निर्माण भएको थियो भने एक हजार २३५ किलोमिटर सडक कालोपत्रस्तरमा स्तरोन्नति गरिएको थियो । चालु आर्थिक वर्षको फागुनसम्म ७६ किलोमिटर नयाँ सडक निर्माण, ४१३ किलोमिटर सडक कालोपत्रे स्तरोन्नति तथा १०२ पुल निर्माण सम्पन्न भएका छन् । राष्ट्रिय गौरवका आयोजनामा पनि उल्लेख्य प्रगति भएको छ । मध्यपहाडी (पुष्पलाल) लोकमार्ग अन्तर्गत एक हजार ८७९ किलोमिटर सडकमा एक हजार ५२९ किलोमिटर सडक कालोपत्रे सम्पन्न भएको छ। त्यस्तै, १३७ पुलमध्ये ११४ पुल निर्माण सम्पन्न भएका छन् ।

हुलाकी लोकमार्गमा पनि निर्माण कार्यले गति लिएको छ । एक हजार ८५७ किलोमिटर सडक लम्बाइमध्ये एक हजार ३८१ किलोमिटर सडक कालोपत्रे भएको छ भने २५० पुलमध्ये १४३ पुल निर्माण सम्पन्न भएको छ । उत्तर–दक्षिण लोकमार्गअन्तर्गत कालीगण्डकी कोरिडोरमा २९२ किलोमिटर सडक कालोपत्रे भएको छ भने ३६ पुल निर्माण सम्पन्न भएका छन् । कर्णाली कोरिडोरमा सम्पूर्ण ट्र्याक निर्माण कार्य सम्पन्न भएको छ भने हालसम्म ४१.५ किलोमिटर ग्राभेल सडक निर्माण भएको छ ।

कोशी कोरिडोरअन्तर्गत थप १४ किलोमिटर सडक कालोपत्रे तथा ११ पुल निर्माण सम्पन्न भएका छन्। मदन भण्डारी राजमार्गमा ७४० किलोमिटरमध्ये ३९५.५ किलोमिटर सडक कालोपत्रे भएको छ। ठूला सडक आयोजनामा नारायणघाट–बुटवल सडक खण्ड अन्तर्गत ९५.५ किलोमिटर चार लेन सडक निर्माण सम्पन्न भएको छ । मुग्लिन-पोखरा सडकमा ७८.४ किलोमिटर चार लेन सडकमा पहिलो तहको कालोपत्रे सम्पन्न भएको छ ।

सुरूङमार्ग निर्माणतर्फ सिद्धबाबा सुरूङमार्गमा मुख्य सुरूङको एक हजार १२६ मिटर कङ्क्रिट लाइनिङको काम सम्पन्न भएको छ । नागढुङ्गा सुरूङमार्गमा टनेल संरचना निर्माण पूरा भइसकेको छ भने प्रकाश, भेन्टिलेसन, अग्नि नियन्त्रण र सूचना प्रणाली जडानसम्बन्धी काम पनि सम्पन्न भएको छ । काठमाडौं–तराई/मधेस द्रुतमार्गमा निर्माणाधीन सातवटै सुरूङको काम जारी रहेको छ । यस आयोजनाअन्तर्गत पुल निर्माणतर्फ पनि विभिन्न चरणका संरचना निर्माण भइरहेको आर्थिक सर्वेक्षणले जनाएको छ । यद्यपि, पूर्वाधार निर्माणको विस्तारसँगै सडकको गुणस्तर, समयमै सम्पन्न हुने अवस्था, सडक सुरक्षा तथा दीर्घकालीन दिगोपनामा थप ध्यान दिनुपर्ने आवश्यकता औंल्याइएको छ ।

## आर्थिक सर्वेक्षण २०८२/८३ : ........

२०२२) अनुसार नेपाल जलवायु जोखिमका दृष्टिले उच्च जोखिम भएका मुलुकमध्ये ६९औँ स्थानमा रहेको छ ।

विश्वव्यापी रूपमा हरितगृह ग्यास उत्सर्जन निरन्तर बढ्दो क्रममा रहेको देखिएको छ । सन् १९९० मा विश्वको कूल उत्सर्जन ३२ अर्ब ७३ करोड मेट्रिक टन रहेकोमा सन् २०२३ मा यो बढेर ५० अर्ब ८० करोड मेट्रिक टन पुगेको छ। विश्वको कुल उत्सर्जनमध्ये करिब ६० प्रतिशत हिस्सा चीन, अमेरिका, भारत, रूस, ब्राजिल, जापान र अन्य प्रमुख १० राष्ट्रबाट हुने गरेको छ।

नेपालमा पनि पछिल्ला वर्षमा हरितगृह ग्यास उत्सर्जन बढ्दो क्रममा रहेको सर्वेक्षणले देखाएको छ। सन् १९९० को दशकमा वार्षिक औसत दुई करोड २७ लाख मेट्रिक टन उत्सर्जन हुने गरेकोमा पछिल्लो दशक (२०१४-२०२३) मा यो बढेर वार्षिक औसत चार करोड ९६ लाख मेट्रिक टन पुगेको छ ।

नेपालको कूल उत्सर्जनमा कृषि क्षेत्रको योगदान अझै उच्च भए पनि यसको अनुपात घट्दो क्रममा छ । सन् १९९० मा कृषि क्षेत्रबाट ७८.२५ प्रतिशत उत्सर्जन हुने गरेकोमा सन् २०२३ मा घटेर ४८.५७ प्रतिशतमा झरेको छ । यद्यपि ऊर्जा, औद्योगिक, भू-उपयोग परिवर्तन तथा यातायात क्षेत्रबाट उत्सर्जन भने बढ्दै गएको छ ।

नेपालले सन् २०२५ मा तेस्रो राष्ट्रिय निर्धारित योगदान(एनडिसी–३) सार्वजनिक गर्दै सन् २०३० सम्म १७.१२ प्रतिशत र सन् २०३५ सम्म २६.७९ प्रतिशत हरितगृह ग्यास उत्सर्जन घटाउने लक्ष्य निर्धारण गरेको छ ।

जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलनका क्षेत्रमा नेपालले विभिन्न अन्तर्राष्ट्रिय वित्तीय सहयोग पनि प्राप्त गरिरहेको छ । आर्थिक वर्ष २०८१/८२ सम्म विभिन्न १३ परियोजनामार्फत १६३.७९ मिलियन अमेरिकी डलर प्राप्त भएको छ भने चालु आवको फागुनसम्म थप १८ मिलियन अमेरिकी डलर बराबरका तीन परियोजनाका लागि सम्झौता सम्पन्न भएका छन् । वन क्षेत्रबाट कार्बन व्यापारमा पनि नेपालले उल्लेखनीय उपलब्धि हासिल गरेको छ । तराई भू-परिधिमा सञ्चालन भएको रेड प्लस कार्यक्रममार्फत करिब १८ लाख ८० हजार टन कार्बनडाइअक्साइड उत्सर्जन घटाई पहिलोपटक वन विकास कोषमा ९४ लाख अमेरिकी डलर प्राप्त भएको छ ।

त्यसैगरी वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले आर्थिक वर्ष २०८१/८२ मा नवीकरणीय ऊर्जा कार्यक्रममार्फत दुई लाख एक हजार ९२२ मेट्रिक टन कार्बन उत्सर्जन न्यूनीकरण गरी कार्बन व्यापारबाट ६६ लाख ५५ हजार युरोभन्दा बढी आम्दानी गरेको छ।

नेपाल सरकारले बागमती, गण्डकी र लुम्बिनी प्रदेशका ३६ जिल्लाको वन क्षेत्रको कार्बन बिक्रीका लागि ४० मिलियन अमेरिकी डलर बराबरको उत्सर्जन कटौती खरिद सम्झौतासमेत गरेको छ । यता, जलवायु परिवर्तनको प्रभाव विशेषगरी हिमाली क्षेत्रमा गम्भीर बन्दै गएको विषयलाई अन्तरराष्ट्रियस्तरमा उजागर गर्न २०८२ जेठमा काठमाडौंमा सगरमाथा संवाद सम्पन्न गरिएको थियो । रासस

## चैते धानबालीमा मरूवा .........

नियमनसम्बन्धी जिज्ञासा समेत प्राविधिक टोलीसमक्ष राखेका थिए। बजारमा पाइने बीउको गुणस्तर, विषादीको सही प्रयोग विधि तथा सरकारी नियमन प्रभावकारी हुनुपर्ने आवश्यकता किसानहरुले औंल्याएका थिए ।

सूचना अधिकारी परियारका अनुसार अनुगमन टोलीले किसानसँग प्रत्यक्ष छलफल गर्दै समस्या समाधानका सम्भावित उपायबारे जानकारी गराएको छ। बाली संरक्षण, रोग तथा किराको पहिचान, सन्तुलित विषादी प्रयोग, माटो व्यवस्थापन तथा उत्पादन वृद्धिसम्बन्धी प्राविधिक पृष्ठपोषण दिइएको उनले बताए ।

"किसानले खेतबारीमै भोगिरहेका समस्या बुझेर समाधानका उपाय दिनु नै कार्यक्रमको मुख्य उद्देश्य हो", उनले भने, "प्राविधिक टोलीले रोग र किराको पहिचानसँगै तत्काल अपनाउनुपर्ने व्यवस्थापनका उपायबारे सुझाव दिएको छ ।"

कृषि विकास कार्यालय तनहुँले आगामी दिनमा पनि जिल्लाका विभिन्न क्षेत्रमा यस्ता संयुक्त प्राविधिक अनुगमन कार्यक्रमलाई निरन्तरता दिइने जनाएको छ ।


**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा





जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८३ जेठ १४ विहीबार
May 28, 2026



**महिलाहरूलाई अचार बनाउने तालिम** : महिला उद्यमी संघ नेपाल तनहुँले सञ्चालन गरेको ७ दिने अचार बनाउने तालिममा सहभागि महिलाहरू । महिलाहरूको आर्थिक, सामाजिक नेतृत्व तथा क्षमता विकास गर्ने उद्देश्यले आयोजना गरिएको उक्त तालिममा ३० जनाको सहभागिता रहेको थियो । तालिममा सहभागी महिलाहरूमा आत्मबल र आत्मविश्वास अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेलेको आयोजकले जनाएको छ ।

*तस्विर : भञ्ज्याङ*

# गण्डकी प्रदेशसभा: विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि छलफल

भञ्ज्याङ समाचारदाता/गण्डकी

गण्डकी प्रदेशसभाको आजको बैठकमा प्रदेश सरकारका आर्थिक मामिलामन्त्री जीतबहादुर शेरचनले मङ्गलबार प्रदेशसभामा प्रस्तुत गरेको विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकतामाथि छलफल भएको छ। सो छलफलमा भाग लिँदै प्रदेशसभा सदस्यहरूले प्रदेशलाई थप सबल र आत्मनिर्भर बनाउने गरी नीति, कार्यक्रम तथा बजेट ल्याउनुपर्नेमा जोड दिनुभयो।

प्रदेशसभा सदस्य जीतप्रकाश आलेले आत्मनिर्भर प्रदेशका लागि उत्पादकत्व र रोजगारी वृद्धिको लक्ष्यलाई बजेटका सिद्धान्त र प्राथमिकतामा समेटिनु सकारात्मक पक्ष रहेको बताउनुभयो । प्रदेश संरचनाको औचित्यबारे बेलाबेलामा प्रश्न उठ्ने गरेको भन्दै उहाँले त्यसलाई चिर्ने गरी प्रदेशसभा र प्रदेश सरकारले काम सम्पादन गर्नुपर्ने उहाँको भनाइ छ ।

प्रदेशसभा सदस्य लिलबहादुर थापाले राजनीतिक संघीयता मात्र नभई प्रशासनिक र वित्तीय संघीयतालाई पनि सुदृढ गर्नुपर्ने बताउनुभयो । संघीयताको सबलीकरणमा तीनै तहको समन्वय र सहकार्यमा उहाँले जोड दिनुभयो। प्रदेशसभा सदस्य सुशीला सिम्खडाले समाजमा गरिबी, बेरोजगारी र असमानता कायमै रहेको भन्दै त्यसलाई न्यूनीकरण गर्ने गरी बजेट तथा कार्यक्रम ल्याउनुपर्ने बताउनुभयो ।

प्रदेशसभा सदस्य पञ्चराम गुरूङले युवालाई नैतिक शिक्षा र उत्पादनसँग जोड्ने गरी बजेट निर्माण गर्नुपर्ने बताउनुभयो । कृषि उत्पादनसँगै बजारीकरणको सुनिश्चितता गर्नुपर्ने उहाँको भनाइ छ। प्रदेशसभा सदस्य दीपेन्द्रबहादुर थापा, रेशमबहादुर जुग्जाली, गणेशमान गुरूङलगायतले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा भाग लिनुभएको थियो ।

छलफलमा उठेका प्रश्नको जवाफ दिँदै आर्थिक मामिलामन्त्री शेरचनले प्रदेशसभा सदस्यहरूबाट उठेका सुझावलाई बजेट तथा कार्यक्रममा यथासम्भव समेट्ने प्रतिबद्धता जनाउनुभयो । नीति, कार्यक्रम र बजेटमा सरकारका प्राथमिकताका विषय थप स्पष्ट रूपमा आउने उहाँले बताउनुभयो।

प्रदेश सरकारले उत्पादकत्व वृद्धि र रोजगारी सिर्जना गरी 'आत्मनिर्भर र समुन्नत प्रदेश: सुखी प्रदेशवासी'को लक्ष्य हासिल गर्ने गरी विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गरेको छ । गरिबी निवारणमा टेवा पुऱ्याउने, नवप्रर्वतन, प्रविधिमैत्री र 'स्टार्टअप' आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिइने जनाइएको छ।

प्रदेशमा लगानी आकर्षित एवं प्रवर्द्धन गर्न सरोकारवालाको सहभागितामा लगानी नीति तर्जुमा गरी सार्वजनिक निजी साझेदारीका सम्भाव्य क्षेत्रको पहिचान, लगानी ढाँचाको निर्धारण र स्वीकृत परियोजनालाई प्राथमिकताका आधारमा कार्यान्वयनमा लगिने भएको छ ।

आन्तरिक स्रोत र प्राप्त हुने संघीय राजस्व तथा अनुदानको यथार्थपरक अनुमान गरी सन्तुलित बजेट निर्माणमा जोड दिइएको छ। प्रदेश आयोजना बैंकको सुदृढीकरण गरी आयोजना बैंकमा समावेश गरिएका आयोजनालाई बजेट विनियोजनमा प्राथमिकता दिइने जनाइएको छ ।

नवीनतम प्रविधिको प्रयोगमार्फत सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी तथा नागरिकमैत्री बनाउँदै सेवाको लागत र समयलाई कम गरी प्रभावकारी सेवा उपलब्ध गराउन एकीकृत र नमूना 'स्याटेलाइट' कार्यालयको स्थापना गर्ने लक्ष्य राखिएको छ । कृषि क्षेत्रको व्यावसायिकीकरण, यान्त्रिकीकरण र बजारीकरण गरी उत्पादन एवम् उत्पादकत्व वृद्धिमा जोड दिइएको छ ।


## वैदेशिक रोजगारीमा जाँदा ध्यान दिऔं

- वैदेशिक रोजगारीमा जाँदा सीप सिकेर जाऔं,
- वैदेशिक रोजगारीमा जाँदा अनुमती प्राप्त संस्थाबाट मात्र जाऔं,
- सामान्य चिनेको व्यक्तिले भनेको आधारमा अवैध मार्गवाट जाने कार्य नगरौं,
- अनुमती प्राप्त संस्था मार्फत जाँदा वेवसाइट मार्फत विज्ञापन भए नभएको तथा लट नम्बर हेरी अन्तरवार्ता लगायतका छनौट प्रकृयाबाट मात्र जाऔं,
- वैदेशिक रोजगारीका लागि शुल्क बुझाउँदा बैङ्किङ प्रणलीको प्रयोग गरौं,
- भिजिट भिसामा विदेशमा गएर काम नगरौं,
- विदेशमा रहँदा मर्यादित, अनुशासित भई उक्त देशको कानून पालना गरौं,
- कार्यस्थलमा कार्य गर्दा पुर्ण रूपमा व्यवसायजन्य सुरक्षाको मापदण्डहरूको पालना गरौं,
- स्वदेशमा पैसा पठाउँदा बैङ्कि माधयमको प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## फेसबुक / ट्विटर



**KP Dhungana**
x.com/kpdhungana

सेनामा भर्ना हुँदा कोही मर्छु भनेर भर्ना हुन्न,लडाई नै पक्का हुन्न, तर तयार भएर बस्छ। पत्रकारिता पनि यस्तै हो। जो सत्तामा आए पनि आँखी हुने हो।समात्छन्, कुट्छन्, दुख दिन्छन् भनेर कसैले पत्रकारिता शुरु गर्दैन। तर मानसिक रूपमा तयार हुनु पर्छ।
समातेछन् भने देखाजायगा। बेपत्तै त नपार्लान्



**स्वारी २.०**
x.com/ptkums

सामाजिक सुरक्षा कोष नामको कनिका छराई १० वर्ष रोक्यो भने १० हजार मेगावाट क्षमताको जलविद्युत आयोजनाहरू निर्माण गर्न सकिने रहेछ । जसको रिभेन्युले यो भन्दा राम्रो सामाजिक सुरक्षा स्किममा खर्च गर्न पुग्ने मात्रै होइन निर्माणको क्रममा लाखौं र तत्पश्चात् पनि हजारौं दीर्घकालिन् रोजगारी र उर्जा निर्यातका कारण व्यापार घाटा ह्वात्तै घटाउन सकिने रहेछ । सधैं स्रोतको अभाव भनेर भौंतारिनु भन्दा यो अवैज्ञानिक कनिका छराई बन्द गर्न सके हुन्थ्यो !



**Narendra Modi**
x.com/narendramodi

देश के अलग-अलग हिस्सों में तापमान लगातार बढं रहा है और इसके साथ ही दैनिक जीवन में गर्मी से होने वाली कई कठिनाइयां भी बढं रही हैं। मैं सभी देशवासियों से आग्रह करता हूं कि जितनी अधिक सावधानी बरत सकें, अवश्य बरतें। कृपया स्वयं को हाइड्रेटेड रखें, घर से बाहर निकलते समय पानी साथ रखें। ऐसे मौसम में आपकी संवेदनशीलता भी बहुत बडा सहारा बन जाती है। यदि संभव हो, तो किसी प्यासे व्यक्ति को एक गिलास पानी अवश्य दें। मैं ऐसे लोगों की सराहना भी करूँगा जो अपने घरों के और दुकानों के बाहर मटके में जल रखते हैं ताकि कोई भी उनसे पानी पी सके।

# भानु-५ मा वडास्तरीय कृषि सञ्जाल गठन

भञ्ज्याङ समाचारदाता/भानु

तनहुँको भानु नगरपालिका वडा नं. ५ मा कृषकहरूको हकहित संरक्षण, कृषि क्षेत्रको समग्र विकास तथा कृषकहरूबीच समन्वय र सहकार्य अभिवृद्धि गर्ने उद्देश्यले वडास्तरीय कृषि सञ्जाल गठन गरिएको छ । नवगठित सञ्जालको संयोजकमा प्रेम बहादुर शाही चयन भएका छन् । त्यसैगरी सहसंयोजकमा लक्ष्मी न्यौपाने, सचिवमा विकास के.सी., सहसचिवमा जमुना खड्का तथा कोषाध्यक्षमा अनिता श्रेष्ठ चयन भएका छन् । समितिका सदस्यहरूमा चन्द्र बहादुर भण्डारी, अमर कुमार थापा, श्याम कुमार श्रेष्ठ, अति कुमार श्रेष्ठ तथा केशव अधिकारी रहेका छन् ।



यसैगरी सञ्जालको सल्लाहकार समितिमा वडा अध्यक्ष नहकुल अधिकारी, समाजसेवी कृष्णभक्त अर्याल तथा समाजसेवी सुरेन्द्र श्रेष्ठ रहेका छन् । नवगठित सञ्जालले कृषकहरूका साझा समस्या समाधान, कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, आधुनिक कृषि प्रविधिको विस्तार र कृषकहरूबीच सहकार्य तथा समन्वयलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ ।

स्थानीय कृषकहरूले सञ्जाल गठनले कृषि क्षेत्रमा देखिएका चुनौती समाधान गर्न सहयोग पुग्ने तथा कृषकहरूको आवाज सम्बन्धित निकायसम्म पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका छन् ।

# स्वास्थ्य बीमा बोर्डद्वारा 'सुविधा थैली'को दररेटमा परिवर्तन

रासस/काठमाडौं

स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य उपचारका लागि 'सुविधा थैली' को दररेट परिवर्तन गरेको छ । स्वास्थ्य बीमा लागू भएपछि पहिलो पटक बोर्डले औषधि, औषधिजन्य सामग्री, स्वास्थ्य सेवा, शल्यक्रिया तथा प्रयोगशालको परीक्षणको सुविधा थैली दररेट परिवर्तन गरेको हो । बोर्डका कार्यकारी निर्देशक शकुन्तला प्रजापतिले सबै सेवा प्रदायक स्वास्थ्य संस्थालाई परिमार्जित नयाँ दरअनुसार औषधि, औषधिजन्य सामग्री, स्वास्थ्य सेवा, शल्यक्रिया तथा प्रयोगशालको परीक्षण शुल्क लिन निर्देशन दिएको बताउनुभयो । उक्त नयाँ सुविधा थैलीको दररेठ यही जेठ १६ गतेदेखि लागू हुनेछ ।

उहाँले बोर्डले विगत १० वर्षदेखिको दाबी, सेवा उपभोग सम्बन्धी तथ्याङ्क विभिन्न स्वास्थ्य संस्थाबाट प्राप्त दररेट, चिकित्सकीय सान्दर्भिकता, लागत प्रभावकारिता रोगभार तथा स्वास्थ्य प्रणालीको वित्तीय दिगोपनलाई आधार बनाएर सुविधा थैली परिवर्तन गरिएको बताउनुभयो । सूचना अधिकारी विकेश मल्लले स्वास्थ्य बोर्डको वित्तीय अवस्था, दायित्व स्वास्थ्य सेवा उपयोगको दर हेरेर दररेट निर्धारण गरिएको बताउनुभयो। उहाँले बोर्डमा पर्ने आर्थिक चाप घटाउनका लागि सुविधा थैलीको दररेट परिमार्जन गरको बताउनुभयो । नयाँ दररेटअनुसार औषधिको औषधि व्यवस्था विभाग, प्रयोगशाला परीक्षणको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला र स्वास्थ्य सेवाको सरकारी अस्पताललाई आधारमा मानेर तोकिएको उहाँको भनाइ छ । नयाँ सुविधा थैलीमा आमा सुरक्षा कार्यक्रम, जस्ता दोहोरिएका कार्यक्रमलाई हटाइएको उहाँले बताउनुभयो । "स्वास्थ्य उपचार सेवा न्यून दररेट कामय गरेर सुविधा थैली बनाएको हो," उहाँले भन्नुभयो, "प्रयोग नहुने औषधिलाई हटाइएको छ ।" सूचना अधिकारी मल्लले अहिले एक हजार १७० प्रकारका औषधि मात्र बोर्डबाट उपलब्ध हुने गरी बीमितले पाउने बताउनुभयो । यसअघि बोर्डले एक हजार २८९ प्रकारका औषधि उपलब्ध गराउँदै आएको थियो।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : व्यास-२, दमौली, तनहुँ । फोन: ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४